**३. न्यायमा पहुँच** : कार्यक्रमले ठगी र उत्पीडनमा परेका वैदेशिक रोजगारीमा रहेका, जाने सम्भावना भएका वा वैदेशिक रोजगारीको प्रक्रियामा समस्या व्यहोरेको व्यक्ति तथा उनीहरूका परिवारका सदस्यहरूको न्यायमा पहुँचका लागि सहयोग तथा सहजीकरण गर्दै आएको छ । कार्यक्रमले आप्रवासी श्रमिकहरु र उनीहरूका परिवारलाई वैदेशिक रोजगारीसम्बन्धी सेवा सुविधाका बारेमा जानकारी प्रदान गर्छ । समस्यामा परेका व्यक्ति वा परिवारका सदस्यलाई कानुनी सहयोगका लागि सम्बन्धित संयन्त्रहरूसँग समन्वय र सहकार्य गरी क्षतिपूर्ति र राहत उपलब्ध गराउन सहजीकरण गर्छ । त्यसैगरी कार्यक्रमले वैदेशिक रोजगारीका सिलसिलामा विदेशमा समस्यामा परेका नेपाली नागरिकहरूको उद्धार तथा न्यायिक सहयोगका लागि नेपाली कूटनीतिक नियोग तथा अन्य सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्छ ।

**४. मनोसामाजिक परामर्श सेवाका लागि सहयोग** : वैदेशिक रोजगारीका कारण सिर्जना भएका मनोसामाजिक समस्यालाई समाधान वा न्यूनीकरणका लागि सक्षम बनाउन आप्रवासी कामदार एवम् उनीहरूका परिवारलाई यस कार्यक्रमले मनोसामाजिक परामर्श प्रदान गर्छ । यो सेवाका लागि सम्बन्धित पालिकाले एक जना मनोसामाजिक परामर्शकर्ता नियुक्त गरी परिचालन गरेको छ । कार्यक्रमले परामर्श सेवाको गुणस्तर कायम गर्न र परामर्शकर्ताको क्षमता विकासका लागि संघ र प्रदेशमा स्वास्थ्य कार्यक्षेत्र भएको मन्त्रालयका साथै मातहतका निकाय जस्तै स्वास्थ्य निर्देशनालयसँग सहकार्य गर्छ । कार्यक्रमअन्तर्गत प्रशिक्षित तथा सुपरिवेक्षणमा रहने मनोसामाजिक परामर्शकर्ताहरूले समुदायस्तर र घरघरमा समेत गई परामर्श सेवा उपलब्ध गराउँछन् ।

**५. वित्तीय साक्षरता** : वैदेशिक रोजगारीबाट प्राप्त भएको कमाई (विप्रेषण) लाई सदुपयोग गर्न र सही वित्तीय निर्णयहरु लिन सक्षम बनाउन आवश्यक ज्ञान तथा सीप विकासका लागि कार्यक्रमले विभिन्न मोड्युलका आधारमा वित्तीय साक्षरता कक्षाहरू सञ्चालन गर्छ । स्थानीय सरकारले वित्तीय साक्षरता सहजकर्ताहरु परिचालन गरी समुदायस्तरमा उक्त मोड्युलअन्तर्गत विद्यार्थी, युवा, तथा महिला लक्षित कक्षाहरु सञ्चालन गर्छ । वित्तीय साक्षरता सहजकर्ताहरूको क्षमता विकासका लागि प्रदेश सरकारस्थित श्रम तथा रोजगार कार्यक्षेत्र भएको मन्त्रालयले तालिम दिनुका साथै आवश्यक सामग्री निर्माण र समन्वय गर्छ ।

## प्राविधिक सहयोग

संघ, प्रदेश र स्थानीय सरकारमा सामी कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्वीस सरकार विकास सहयोग (एसडीसी) का तर्फबाट हेल्भेटास नेपालअन्तर्गतको कार्यक्रम सहयोग एकाइले प्राविधिक सहयोग उपलब्ध गराउँछ । यसअन्तर्गत सबै तहका सम्बन्धित सरकारी निकाय तथा कार्यक्रम कार्यान्वयनका लागि परिचालित अन्य कर्मचारीको क्षमता अभिवृध्दि र कार्यक्रमको गुणस्तर सुनिश्चितताका लागि अनुगमन तथा मूल्यांकनजस्ता गतिविधीहरु सञ्चालन हुन्छन् । त्यसैगरी वैदेशिक रोजगारीसँग सम्बन्धित सेवाहरूको संस्थागतीकरण गरि दिगो र निरन्तर सेवा प्रवाहका लागि आवश्यक नीति-निर्माणमा सहयोग पुर्‍याउने काम समेत हुन्छ । साथै कार्यक्रम सहयोग एकाइले स्थानीय तहमा आप्रवासन पार्श्वचित्र र सुरक्षित आप्रवासन कार्यविधि निर्माण तथा प्रादेशिक श्रम तथा आप्रवासन नीति निर्माणलगायतका कार्यमा सहयोग गर्छ । कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक पर्ने मोड्युल, म्यानुअल, पाठ्यक्रम र निर्देशिकालगायतका तालिम सामग्री र सूचना प्रवाहका लागि जानकारीमूलक सन्देश समेटिएका श्रव्य-दृश्य तथा छपाइ सामग्री निर्माण र वितरणलगायतका काम समेत हुन्छन् ।

## सामी तेस्रो चरणको उपलब्धी




नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी











# सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चौथो चरण (२०२४–२०२८)

HELVETAS NEPAL

SaMi
Safer Migration Programme

## परिचय

वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित, व्यवस्थित एवम् उपलब्धिमूलक बनाउने उद्देश्यले नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच द्विपक्षीय सम्झौता भई संघ, प्रदेश र स्थानीय सरकारको समन्वय, सहकार्य र साझेदारीमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा छ । सन् २०११ मा शुरू भएको कार्यक्रम नोभेम्बर २६, २०२४ देखि कार्यन्वयनको चौथो चरणमा प्रवेश गरेको छ । गुणस्तरीय सूचनामा पहुँच तथा परामर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श सहयोग, वित्तीय साक्षरता र सीप विकास तालिममा सहयोग यस कार्यक्रमको मुख्य सेवाका रूपमा छन् । कार्यक्रमअन्तर्गतका सेवाहरूलाई संस्थागत गर्न नीतिगत विकास र संरचनागत सुदृढीकरणमा पनि यसले सहयोग तथा सहजीकरण गर्दै आएको छ । समग्र कार्यक्रमको गुणस्तरीयता तथा प्रभावकारिता अभिवृद्धिका निम्ति स्वीस सरकार विकास सहयोग (एसडीसी) को तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोगीको भूमिका निर्वाह गर्दै आएको छ । नेपाल सरकारले यस कार्यक्रमलाई क्रमिक रूपमा देशभरिका सबै प्रदेश र स्थानीय सरकारहरूमा विस्तार गर्ने उद्देश्य राखेको छ ।

**कार्यक्रमको लक्ष्य** : नेपाली आप्रवासी कामदार र उनीहरूका परिवारलाई राज्य संयन्त्रबाट संरक्षण गरी सुरक्षित तथा मर्यादित कार्य वातावरणबाट लाभान्वित बनाउने ।

**कार्यक्रमको उद्देश्य** : वैदेशिक रोजगारीका सबै चरणमा आप्रवासी कामदार र उनीहरूका परिवारको अवस्था सुधार गर्न संघ, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकायहरूलाई सक्षम बनाउन सहयोग गर्ने ।




## कार्यक्रमको अपेक्षित उपलब्धि

१. वैदेशिक रोजगारीमा रहेका महिला तथा पुरुष आप्रवासी कामदार र उनीहरूका परिवारको वैदेशिक रोजगारीबाट सिर्जित सामाजिक लागत न्यूनीकरण भई सामाजिक-आर्थिक लाभ अभिवृद्धि भएको हुनेछ ।

२. राज्यका तीनै तह (संघ, प्रदेश र स्थानीय) का संयन्त्रहरूको सेवा प्रवाहलाई प्रभावकारी बनाई वैदेशिक रोजगारीमा रहेका कामदार र उनीहरूका परिवारको उचित संरक्षण भएको हुनेछ ।

## कार्यक्रमका क्रियाकलाप

यस कार्यक्रमले निम्नानुसारका मुख्य पाँचवटा विषयगत क्षेत्रमा काम गर्छ :

**१. गुणस्तरीय सूचनामा पहुँच तथा परामर्श** : सचेतना अभिवृध्दि तथा जानकारीयुक्त वैदेशिक रोजगारीको छनोटलाई टेवा पुर्‍याउन यस कार्यक्रमले विभिन्न प्रक्रिया तथा प्रणालीको विकास गरेको छ । यसका लागि देशका ७७ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालय र राहदानी वितरण गर्ने इलाका प्रशासन कार्यालय हाताभित्र आप्रवासी स्रोत केन्द्रहरूको स्थापना भएको छ । यी केन्द्रहरूले वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्तिहरूलाई वैदेशिक रोजगारीसम्बन्धी विषयहरूमा सूचना दिनुका साथै न्यायमा पहुँच लगायतका सम्बन्धित सेवा तथा सुविधाका बारेमा जानकार बनाई ती सुविधा प्राप्त गर्न सहयोग तथा सहजीकरण गर्छन् । साथै, कार्यक्रमले स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतनाका लागि अभिमुखीकरण संचालन गर्छ । यस्ता समुदाय तहका कार्यक्रमका लागि सेवा केन्द्रका कर्मचारीहरूको क्षमता विकासमा समेत सामीले काम गर्छ ।

कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु स्वयंसेवकको रूपमा परिचालित हुन्छन् । उनीहरूले सूचना प्रवाह र वैदेशिक रोजगारीको प्रक्रिया वा वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका व्यक्ति तथा उनीहरूका परिवार सदस्यलाई आवश्यक सहयोग तथा उपलब्ध सेवा प्राप्तिका लागि सम्बन्धित निकायमा प्रेषण गर्छन् । आप्रवासी श्रमिक सञ्जालहरूले समेत समुदायमा वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा जानकारी प्रवाह गर्छन् ।

**२. सीप विकास** : वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले प्रारम्भिक सीप आर्जन गरेर जाँदा काममा दक्षता र स्थायित्व प्राप्त गर्छन् । उनीहरूलाई तुलनात्मक रूपमा बढी सेवा सुविधा प्राप्त हुनुका साथै कार्यस्थलमा जोखिम पनि कम हुन्छ । त्यसैगरी, नेपाल फर्किएपछि पनि सीपको उपयोग गरी स्वरोजगार हुने सम्भावना बढ्छ । कार्यक्रमले आप्रवासी स्रोत केन्द्र, समुदायमा सञ्चालन हुने कार्यक्रम तथा वैदेशिक रोजगारीबाट फर्किएका स्वयंसेवकको परिचालनमार्फत वैदेशिक रोजगारीमा जान चाहने वा वैदेशिक रोजगारीबाट फर्किएर पुनः वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूलाई सीप विकास तालिम लिन अभिप्रेरित गर्छ । त्यसैगरी, कार्यक्रमले विगतका अनुभवका आधारमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्ने वैदेशिक रोजगार लक्षित तालिमका लागि आवश्यक कार्यविधि र पाठ्यक्रम निर्माणमा समन्वय, सहकार्य तथा संस्थागत क्षमता अभिवृद्धिका लागि सहयोग गर्छ ।

